# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## महाकुलुङ गाउँपालिका
## सोलुखुम्बु

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## महाकुलुङ गाउँपालिका
## सोलुखुम्बु

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## महाकुलुङ गाउँपालिका

## सोलुखुम्बु

आर्थिक वर्ष २०७९/८०


महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ २०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ७२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,
महाकुलुङ गाउँपालिका, महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय,
सोलुखुम्बु ।

१. **कैफियत सहितको राय** – हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ५६ लाख २८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१ लाख ९४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.८ लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९६ लाख १० हजार र नियमित गर्नुपर्ने रु.१ करोड ५० लाख १४ हजार समेत रु.२ करोड ५४ लाख ३४ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रु.५ करोड ४८ लाख ५० हजार बेरुजू बाँकी रहेकोमा यो बर्ष रु.९० लाख ८२ हजार फस्यौंट र सम्परीक्षणबाट रु.५ लाख १० हजार वेरुजु कायम भई हालसम्मको अद्यावधिक बेरुजू रु.७ करोड १७

लाख १२ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(श्रीकुमार राई)**
**नायब महालेखापरीक्षक**

# महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७५ | २५ | २५६२८ | ० | ३ | १९४ | ७५ | २२ | २५४३४ | ८१० | ५०१४ | ९६१० | ० | ० | २४६२४ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | ५४८५० | ० | ९०८२ | ४५७६८ | ५१० | २५४३४ | ७१७१२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | २०७९।८० | ६ | कोष दाखिला भएको प्रमाण पेश | १८२५० |
| २ | २०७९।८० | ७४ | विल पेश भएको | ५००० |
| ३ | २०७९।८० | ७९.५ | सा.सु रकम फिर्ताको प्रमाण पेश | १७०,७६१.९६ |
| **चालु वर्षको जम्मा** | | | | **१,९४,०११.९६** |
| | **२०७८।७९** | | | |
| १ | **२०७८।७९** | ४१ | असुल गरेको प्रमाण पेश | ४४४०१.८ |
| | **२०७७।७८** | | | |
| १ | **२०७७।७८** | २६.३ | नियमित भएको प्रमाण पेश | ४०४१५३ |
| २ | **२०७७।७८** | ३० | नियमित भएको प्रमाण पेश | ४१३६५३ |
| ३ | **२०७७।७८** | ४५ | कार्य सम्पन्न भएको प्रमाण पेश | ४०५०००० |
| ४ | **२०७७।७८** | ५५ | नियमित भएको प्रमाण पेश | ४१६९९५४ |
| **गत विगतको जम्मा** | | | | **९०८२१६१.८** |
| **कुल जम्मा** | | | | **९२७६१७३.७६** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **(क) महाकुलुङ गाउँपालिकाको परिचय -** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन स्थानीय तह कार्यान्वयनमा रहेको छ । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ६४८.०५ वर्ग किलोमिटर तथा ११८४७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२५ देखि २०८०।६।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको

प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको विनियोजनतर्फ रु.२४७४८२७५०, राजश्वतर्फ रु.८०३९४१५२।६२, धरौटीतर्फ रु.१४०४३५८८।२७, अन्य कारोबारतर्फ रु.९९४८८०३९।५७, आय - व्ययतर्फ रु.१२९९०९१२४ गरी जम्मा रु.५५६९६८९०४।४६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२ समेत) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ती/भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४४०५८७१५४. | ३१४५२७९८१.४३ | | ३१४५२७९८१.४३ | ३१४८४०४९०.९३ | | ३१४८४०४९०.९३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४२७१६२१५४. | ३०९२००७७६.४३ | ० | ३०९२००७७६.४३ | ३०८९५०५५९.९३ | ० | ३०८९५०५५९.९३ |
| ११००० कर | ११ | ९०४२०१२०. | ७६७५८२०८.४५ | ० | ७६७५८२०८.४५ | ६६५८७४६९.४२ | ० | ६६५८७४६९.४२ |
| १३००० अनुदान | | २६४८२२०३२. | २३०७११३९५.९८ | ० | २३०७११३९५.९८ | २३१९७००५३. | ० | २३१९७००५३. |
| संघीय सरकार | १२ | २४१०९९०००. | २१४५१२७३३.८१ | ० | २१४५१२७३३.८१ | २१६८६३६०२. | ० | २१६८६३६०२. |
| प्रदेश सरकार | १२ | १६४०५०००. | १४२९३८९०. | ० | १४२९३८९०. | १५१०६४५१. | ० | १५१०६४५१. |
| अन्तरिक श्रोत | | ७३१८०३२. | १९०४७७२.१७ | ० | १९०४७७२.१७ | ० | ० | ० |
| १४००० अन्यराजस्व | | ४७५०००. | १७२६६९८. | ० | १७२६६९८. | १०१८२०८२.५१ | ० | १०१८२०८२.५१ |
| १५००० विविध प्राप्ति | | २२,०००.०० | ४,४७४.०० | ० | ४,४७४.०० | २१०९५५. | ० | २१०९५५. |
| ३२००० वित्तीयसम्पत्ति | | ७१४२३००२. | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १३४२५०००. | ५३२७२०५. | | ५३२७२०५. | ५८८९९३१. | | ५८८९९३१. |
| वितरण गर्न बाकीराजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १३४२५०००. | ० | ० | ० | ० | ० | ० |
| धरौटी | | ० | ५३२७२०५. | ० | ५३२७२०५. | ५८८९९३१. | ० | ५८८९९३१. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४४०५८७१५४. | ३२१४४६९४१.११ | | ३२१४४६९४१.११ | २८५५२३३९८.१२ | | २८५५२३३९८.१२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४२७१६२१५४. | ३१२०६४९८३.११ | | ३१२०६४९८३.११ | २७६२४८०२५. | | २७६२४८०२५. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | १०५६८१०००. | ८९७०३८१६.१९ | ० | ८९७०३८१६.१९ | ७६४७०७७९. | ० | ७६४७०७७९. |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२९०८६३१७. | १०१४२२१९०.९२ | ० | १०१४२२१९०.९२ | ७४४७५८५७. | ० | ७४४७५८५७. |
| २५००० सहायता (Subsidy) | १८ | ४०००००. | २८०१५०. | ० | २८०१५०. | ५०००००. | ० | ५०००००. |
| २७००० सामाजिक सुरक्षा | १८ | ७९३००००. | ७०६५६०२. | ० | ७०६५६०२. | १३२५८९८७. | ० | १३२५८९८७. |
| २८००० अन्य खर्च | १८ | ३५०००००. | ३०८४८९०. | ० | ३०८४८९०. | १६६१५६०. | ० | १६६१५६०. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८०५६४८३७. | ११०५०८३३४. | ० | ११०५०८३३४. | १०९८८०८४२. | ० | १०९८८०८४२. |
| घ. अन्य भूक्तानी | | १३४२५०००. | ९३८१९५८. | | ९३८१९५८. | २८५५२३३९८.१२ | | २८५५२३३९८.१२ |
| कोषहरु | | १३४२५०००. | ७३३३१६७. | ० | ७३३३१६७. | ८८१२२२५.१२ | ० | ८८१२२२५.१२ |
| धरौटी | | ० | २०४८७९१. | ० | २०४८७९१. | ४६३१४८. | ० | ४६३१४८. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | -६९१८९५९.६८ | | -६९१८९५९.६८ | २९३१७०९२.८१ | | २९३१७०९२.८१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९३८५५६७२.८४ | | ९३८५५६७२.८४ | ५२१५४७९३.५३ | | ५२१५४७९३.५३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ८६९३६७१३.१६ | | ८६९३६७१३.१६ | ८१४७१८८६.३४ | | ८१४७१८८६.३४ |
| बैंक तथा नगद बाकी | २४ | | ८६९३६७१३.१६ | | ८६९३६७१३.१६ | ८१४७१८८६.३४ | | ८१४७१८८६.३४ |

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४०९४३३०६ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.८८९६५८१८ समेत गरी रु.१२९९०९१२४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.९९१८३७१.६१, यस वर्षको प्राप्ति रु.१६०९६९०३७.८७ यस वर्षको भुक्तानी रु.१४८५८५२५१.३३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | **७१५५३५१४.६९** | **३१४५२७९८१.४३** | **३२१४४६९४१.११** | **८६९३६७१३.१६** |
| एकीकृत आर्थिक विवरणअनुसार | ८१४७१८८६.३ | ४७५४९७०१९.३ | ४७००३२१९२.४४ | ८६९३६७१३.१६ |
| **फरक** | **९९१८३७१.६१** | **१६०९६९०३७.८७** | **१४८५८५२५१.३३** | **०** |

सैद्धान्तिक बेरुजु

५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ६,८६,८९,३०८. | ६८६८९३०८ | ० |
| विविध खर्च खाता | ५०५२५३३.८८ | ५०५२५३३.८८ | ० |
| धरौटी | ११९९४७९७.२७ | ११९९४७९७.२७ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ३००० | ३००० |
| बैङ्क | ८५७३६६३९.१५ | ८५७३९६३९.१५ | ३००० |
| **जम्मा** | | | **३०००** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)**

✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।३० को निर्णयबाट रु.१८,२५० ।- सम्परीक्षण गरिएको ।)

७ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ७ वटा नियमावली, १५० कार्यविधि र ७ वटा निर्देशिका लगायत १८६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको जनाएतापनि पालिकाको वेवसाईटमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **न्यायिक समितिको कार्यसम्पादन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ९ र यो वर्ष थप भएको ८ गरी कुल १७ विवाद दर्ता भएकोमा ८ वटा मात्र फस्यौंट भई ९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कार्यवाही गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,२२,६५,०००.०० | १,३१,१३,११४.०४ | ५८.९ |
| २ | पूर्वाधार विकास | १४,४९,०२,७८८.०० | ८,२२,९४,४७३.०० | ५६.७९ |
| ३ | सामाजिक विकास | १४,१४,६४,०१०.०० | १२,९६,००,६८४.४२ | ९१.६१ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,२०,००,०००.०० | १,१४,४७,२३०.५५ | ९५.३९ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,६५,३०,३५६.०० | ७,५६,०९,४८१.१० | ७०.९७ |
| **जम्मा** | | **४२,७१,६२,१५४.००** | **३१,२०,६४,९८३.११** | **७३.०५** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा बढी ९१.६१ प्रतशित र पूर्वाधार वकिासमा सबै भन्दा घटीमा ५६.७९ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।
- लिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण क्षेत्र/विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्न सकेको छैन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ ।
- पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको छैन । कतिपय गोश्वारा भौचर तोकिएको अधिकारीबाट प्रमाणित समेत भएको छैन ।
- खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै कार्यवाही भएको छैन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।
- वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।
- पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले माताहत कर्मचारीलाई कार्यविवरण/कार्यादिश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छैन ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन ।
- एकीकृत आर्थिक तथा वर्गीकरण र ब्याख्या २०७४ (दोस्रो संस्करण) बमोजिम शिर्षकगत खर्च भन्दा फरक शिर्षकबाट खर्च गरेको छ ।

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा बर्षको एकपटक मात्र आन्तरिक लेखापरीक्षण गरेको र अन्तिम लेखापरीक्षण अवधिसम्म पनि आन्तरिक लेखापरीक्षकबाट औल्याइएका कैफियतहरु सम्बोधन भएको पाइएन । पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा खर्च गरेको पाइयो ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली सोही विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु ३६ करोड ६८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१० मा प्रमुख

प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय- व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले निम्नानुसार वर्ष रु.६८ लाख ६९ हजार अबण्डा बजेट व्यवस्था गरी रु.३५ लाख २० हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क स | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | पालिका तथा वडाको लागि जेनेरेटर।इन्भोटर खरिद तथा व्यावस्थापन | १७०००००. | १६९६१३०. |
| ४ | उद्दार राहत तथा पुनर्स्थापना साथै नगद सहयोग खर्च | ५०००००. | २००००. |
| जम्मा | | २२०००००. | १७१६१३० |

सैद्धान्तिक बेरुजु

१६ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको लेखापरीक्षणको क्रममा उल्लेख गरेतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता

कायम गरेको अभिलेख पेश नगरेकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ९८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २३ | ९ | १४ | ० |
| २. | वडास्तरीय | ७५ | ० | ५० | २५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना तथा क्रियाकलापमध्ये ४२९ कार्यान्वयन भई ९५ क्रियाकलाप कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना, क्रियाकलाप वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११०५०८३३४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन

गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | ११०५०८३३४ | २८५०० | २८९६३८३ | १३७६५४६२ | ९२२७४६३३ | ५२०१८४२६ |
| प्रतिशत | १०० | ०.०३ | २.६२ | १२.४७ | ८४.८८ | ४७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.११०५०८३३४ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२८५००(०.०३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु२८९६३८३ (२.६२ प्रतिशतऽ तेस्रो त्रैमासिकमा रु.१३७६५४६२ (१२.४७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.९२२७४६३३ (८४.८८ ) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५२०१८४२६ (४७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्न सक्न देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **लक्ष्य प्रगति** - कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम/क्रियाकलाप | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| क्रियाकलाप संख्या | ५११ | ९५ | १४ | २६ | ४० |

सैद्धान्तिक बेरुजु

२१ **कार्यसञ्चालन पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष थप ३ व्यवसायीलाई निम्नानुसार रु.१५८५५४३७ पेश्की दिएको छ । पेश्कीको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव तयार गर्नुपर्दछ ।

| गो.भौ.नं. | पेश्की लिनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| ९२ | माछापुच्छ्रे इन्जिनियरीङ्ग प्रा लि | हुँगा खोला मोटरेवल ब्रीज निर्माण र भुवाखोला र हुँगाखोला मोटरेवल ब्रिज निर्माण | २०१२६२१ |

| | | | |
|---|---|---|---|
| १४० | आर.के, यती जे.भी. | भुवाखोला र हुँगाखोला मोटरेवल ब्रिज निर्माण र भुवा खोला मोटरेवल ब्रिज | ५१९३५५५ |
| १७३ | माछापुच्छ्रे इन्जिनियरीङ्ग प्रा लि | हुँगा खोला मोटरेवल ब्रीज निर्माण र भुवाखोला र हुँगाखोला मोटरेवल ब्रिज निर्माण | २०१२६२९ |
| ३ | एरिसा - हिम शिखर जे.भी. | नोज्गा थेक्छोक छोलिङ योग ध्यान केन्द्र निर्माण | ३३३६६३२ |
| ५ | एरिसा - हिम शिखर जे.भी. | नोज्गा थेक्छोक छोलिङ योग ध्यान केन्द्र निर्माण | ३३००००० |
| **जम्मा** | | | **१५८५५४३७** |

सैद्धान्तिक बेरुजु

२२ **आर्थिक सहायता** - महाकुलुङ गाउँपालिका एम्बुलेन्स संचालन निर्देशिका २०७८ मा क्षतिपूर्ति सम्बन्धी कुनै व्यवस्था नरहेको अवस्थामा कार्यापालिकाको निर्णय तथा पालिका र पिडित पक्षवीच भएको सम्झौता पत्रका आधारमा एम्बुलेन्स दर्घटना बाट मृत्यु भएको हकदारलाई पालिकाले गोश्वारा भौचर ६६ बाट डिम दावा शेर्पालाई रु.१४,०८,७३७.०० भुक्तानी दिएको देखियो । एम्बुलेन्स सञ्चालनका लागि यसरी निर्देशिकामा व्यवस्थाको पालना नगरी दूई पक्षीय सम्झौताका आधरामा क्षतिपूर्ति भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १४,०८,७३७ |
|---|---|

२३ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **खर्च बिश्लेषण** - पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.२६०५७७३.८ राजस्व बाँडफाँड र अनुदानबाट रु.४७२८९१२४५.४६ समेत रु.४७५४९७०१९.२६ आम्दानी भएकोमा चालु तर्फ रु.२०१५५६६४९.११ र पूँजिगत तर्फ रु.११०५०८३३४ र वित्तीय ब्यबस्था तर्फ रु.१५७९६७२०९.३३ समेत रु.४७००३२१९२.४४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.४५८२००० खर्च भएको छ जुन आन्तरिक आयको (१.७५) प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४३ प्रतिशत चालु र २३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **इन्धनको लगबुक** - आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन २०७५ को दफा ३९ अनुसार खर्चको बील भरपाई सहितको लेखा राख्नुपर्दछ । पालिकाले इन्धन कार्यालय प्रयोजनमा रु.१२९९९८२.६ खरिद गरेवापत आयल स्टोरलाई भुक्तानी गरेको छ । प्रत्येक सवारी साधनको लागी बेग्लाबेग्लै (म.ले.प.फा.नं. ९०५) बमोजिमको सवारी साधनको लगबुक राख्नुपर्ने र सबै महल भर्नु पर्नेमा पालिकाले सवारी लगबुक लुज सिटमा राखेको छ । जसले गर्दा सवारी साधनको इन्धन खपत र गुडेको किलोमिटर विश्लेषण गर्न सकिएन । पालिकासँग १ चार पाङ्ग्रे सवारी साधन, एम्बुलेन्स २, ब्याक हो लोडर १ र मोटरसाईकल रहेकोमा इन्धन खर्च लेख्दा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार इन्धन खर्च पाउने मापदण्ड अनुकुल हुने गरी सभाबाट मापदण्ड बनाई सोही अनुसार खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **भुक्तानी बाँकी प्रमाणित** - आर्थिक कार्यविधि तथा बितिय उतरदायित्व ऐन २०७६ मा चालु बर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने र बिशेष कारण एवम् परिस्थितिबश कुनै व्यक्ति फर्म, सस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम खर्च शीर्षकहरुमा चालु बर्षको बजेटले नखामेको खर्च ब्यहोर्नु पर्ने भएमा बीलभरपाई बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिन पर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र सभाबाट प्रमाणित गराई राख्नु पर्नेछ । उपनियम ८ मा उल्लेखित खर्च बाहेक अन्य खर्चहरुको भुक्तानी स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको अवस्थामा दिन सकिने उल्लेख छ । तर पालिकाले फर्म तथा उपभोक्ता समितिले समयमा सम्झौता बमोजिम सम्पन्न गर्न नसकेको कार्यलाई भुक्तानी दिन बाँकीको कच्चवारी नियममा उल्लेखित भएको प्रक्रिया नपुर्याई भुक्तानी दिने गरेकोले यसरी सम्झौता बमोजिमको समयमा कार्य सम्पन्न नगरी दायित्व सिर्जना गरी भुक्तानी दिने परिमाटीमा सुधार गर्नुपर्दछ ।

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | वापत | भुक्तानी रकम |
|---|---|---|---|
| २।२०७९।६।९ | एस डि निर्माण सेवा | महाकुलुङ चक्रपथ स्तरोन्नती | १२५८४५६ |

सैद्धान्तिक बेरुजु

२७ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण

गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले PAMS मा प्रविषट गरेको जिन्सी निरीक्षण फारम अनुसार सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विवरण प्राप्त नभएको | | | |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न मिति | १२ | | ९ वटा मोटर साइकल, २ वटा स्कुटर र पिकअप |
| उपकरण (रु.१ लाखभन्दा बढी) | | १ | ३८५०००० | व्याकहो लोडर |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | १२ | ६४४९९९ | सोफासेट १ वटा सिलाम विक्रि गर्नुपर्ने र ११ वटा संरक्षण गर्नुपर्ने |
| अतिक्रमणमा परेको जग्गा | विवरण प्राप्त नभएको | | | |
| अतिक्रमण हटाउन गरेको प्रयास | विवरण प्राप्त नभएको | | | |

सैद्धान्तिक बेरुजु

३० **प्रशासकीय संगठन र जनशक्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम

हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जन स्वास्थ्य अधिकृतसहित २३ पद रिक्त भई २८ जना सेवा करारमा रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

सैद्धान्तिक बेरुजु

३१ **करार कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.२,६९,६५,६६९.३० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| इन्जिनियर | १ | ३२३२९८ |
| सव ईन्सजितियर | २ | ९७८२२८ |
| **जम्मा** | | **१३०१५२६** |

| | |
|---|---|
| अनियमित भएको | १३,०१,५२६ |

३२ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१७७८७३७ आर्थिक सहायता र सहायताकै स्वरुपमा रकम वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२६०५७७३.८ को ६८ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **वडाको राजस्व** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यलयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। गाउँपालिका भित्रका ५ वडाहरुले बुझिलिएको नगदी तथा मालमोत रसिद कार्यालयमा जिम्मेवार व्यक्तिलाई बुझाएको नदेखिएकोले ती वडाहरुले के कति राजस्व संकलन गरी के कति दाखिला गरेको एकिन गर्न सकिएन ।पालिका अन्तर्गतका सबै वडाको राजश्व संकलनको रकम प्रत्येक २/२ महिनामा मात्र बैंक दाखिला गर्ने गरेको जानकारी प्राप्त भएको छ। अतः यस सम्बन्धमा कार्यालयले छानविन गरि राजस्व संकलन र राजस्व दाखिला एकिन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । पालिकाले यस आ.व. मा विभिन्न शीर्षकमा देहाय बमोजिको राजश्व आम्दनी संकलन गरेको विवरण प्राप्त भएको छ।

| सि. नं . | वार्ड नं. | संकलित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | १ | ३, ६२ , ४५७ | शीर्षक नखुलेको एकमुष्ट रकम |
| २ | २ | ७३,७८८ | शीर्षक नखुलेको एकमुष्ट रकम |
| ३ | ३ | १, ४३ , १५१ | शीर्षक नखुलेको एकमुष्ट रकम |
| ४ | ४ | १, २९ , १९९ | शीर्षक नखुलेको एकमुष्ट रकम |
| ५ | ५ | ९४,३१० | शीर्षक नखुलेको एकमुष्ट रकम |
| ६ | पालिका | ४, ३८ , ०५६ | शीर्षक नखुलेको एकमुष्ट रकम |
| जम्मा रु | | १२, ४० , ९६१ | |

सैद्धान्तिक बेरुजु

३४ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३१२०६४९८३.११ | २६०१२९९.८ | ०.८३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३५ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३,००,०००.०० | ५,९८,२४९.८० | २ |
| वहाल बिरौटी शुल्क | २०,०००.०० | ० | ० |
| भुमिकर/मालपोत | २,००,०००.०० | १,३१,६१४.०० | २.६३ |
| वहाल कर | २,५०,०००.०० | १,४४,७३८.०० | ०.५८ |
| सवारी साधन कर (साना सवारी) | ३,०००.०० | ० | ० |
| अन्य मनोरञ्जन कर | १०,०००.०० | ० | ० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २०,०००.०० | ० | ० |

| | | | |
|---|---|---|---|
| अन्य कर | २,००,०००.०० | ० | ० |
| पर्यटन शुल्क | २०,०००.०० | ० | ० |
| न्यायिक दस्तूर | २०,०००.०० | ० | ० |
| परीक्षा शुल्क | ३०,०००.०० | ६६,८५०.०० | २.२३ |
| अन्य प्रशासनिक सेवा शुल्क | २,५०,०००.०० | २,०९,५६५.०० | ०.८३ |
| नक्सापास दस्तुर | ५,०००.०० | ० | ० |
| सिफारिश दस्तुर | ५०,०००.०० | ६,७०,९४०.०० | ३.३५ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ४०,०००.०० | १,७४,८००.०० | ४.३७ |
| नाता प्रमाणित दस्तुर | २५,०००.०० | १,९४,८२३.०० | ७८ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०,०००.०० | ० | ० |
| रेडियो/एफ.एम.सञ्चालन दस्तुर | ५,०००.०० | ० | ० |
| अन्य राजस्व | ५,०००.०० | ४,०९,७२०.०० | ०.८२ |
| व्यवसाय कर | १५,०००.०० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३६ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छ भन्नेमा यकिन गर्न सकिएन । पालिका र वडाहरुले संकलन गरेको राजस्व विवरण निम्नानुसार रहेको छ ।

| गाउँपालिका | १ नं. वडा | २ नं. वडा | ३ नं. वडा | ४ नं. वडा | ५ नं. वडा |
|---|---|---|---|---|---|
| २२३९०१३.८ | ६९७०५ | २३१९७ | ११७७४४ | ५८८८० | ९७२३४ |

कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले रु.१५ हजार मात्र लक्ष्य राखेकोमा व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत राजस्व संकलन गरेको छैन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **म.ले.प फारम** - राजश्व असुल गर्दा रसिद अनुसार असुलि देखिने गरी तोकिएका म.ले.प.फा.नं हरु राखि वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुल गर्नुपर्नेमा रसिदवाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको छ । जसवाट दाखिला राजश्व खातामा भिडान गर्न सकिएन । खाता तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **वडा तथा गाउँपालिका आम्दानी** - वडा तथा गाउँपालिका आम्दानीः पालिकाले वडाहरुबाट राजस्व संकलन गर्दा पुराना रसिद फिर्ता लिई नयाँ छपाई गरी सिरियल नम्वर लगातार भएका रसिद प्रयोग गराउने र प्रयोग नभएका रसिद आषाढ मसान्तमा फिर्ता लिई खर्च भएका रसिद र सो अनुसारको राजश्व दाखिला सुनिश्चित गरिनुपर्दछ । यो वर्ष कार्यालयबाट प्राप्त विवरण अनुसार जम्मा रु.१२,४०,९६१ राजश्व असुल गरेको सुत्रमा आम्दानी बाँधेको देखिएको छ । पुराना रसिद प्रयोग स्थिति सहितको अभिलेख नहुँदा वडा कार्यालय तथा पालिका कार्यालयमा के कती रसिद प्रयोग भए र के कती बाँकी छन भन्ने व्यहोरा खुल्न सकेन । नगदी रसिद तथा मालपोत रसिद गत बर्ष कति बाँकी थियो र कति प्रयोग गरियो भन्ने व्यहोरा समेत खुल्न सकेन । रसिद प्रयोग र प्राप्त आम्दानी दाखिला भए नभएको सम्बन्धमा अनुगमन गरिएको पनि छैन । तसर्थ आन्तरिक आयको प्राप्ती र बैंक दाखिला सम्बन्धमा लेखापरीक्षणको क्रममा एकिन तथा बिश्लेषण गर्न नसकिएकोले आन्तरिक आयको यथार्थता एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१४७८००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२६०१२९९.८ अर्थात अनुमान भन्दा ५७ प्रतिशत बढी आय प्राप्त गरेको छ । पालिकाको आय प्रक्षेपण अत्यन्त न्यून रहेको देखिएकोले आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

४१ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.१३५००० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको रु.८३६०५९७ र पालिकाका कर्मचारीको रु.१,००,८८,७८०.९५ समेत रु.१८४४९३७८र खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षण गर्दा तुलना गर्न नसकिएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **कार्यालय सम्बन्धि खर्च** - कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट मसलन्द तथा कार्यालय सामाग्रीमा रु.१४१२७१७ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **विविध खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च वापत रु.१२७३३३५ खर्च गरेको छ । उक्त खर्च पालिकाको कुल आन्तरिक आय रु.२६०५७७३ को तुलनामा ४९ प्रतिशत रहेको देखिन्छ । यस्तो खर्च खाना खाजा लगायतमा खर्च हुने गरेको देखिन्छ । पालिकाले यस्तो खर्च कसरी गर्ने वा नगर्ने सम्बन्धी कुनै निर्णय भएको देखिएन । कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड बिकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा बृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा बिभिन्न संघ संस्था, समुह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पालिकाले रकम उपलब्ध गराएको छ । यस्ता संस्था, समुह, पर्व, जात्रा, संस्कृति लगायतमा रकम दिन सक्ने कानुनी व्यवस्था छैन । अतः यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | वापत | भुक्तानी रकम |
|---|---|---|---|
| ४२।२०८०।२।१ | हरिलाल कुलुङ | दलित बाजा खरिद | १६६४८४ |
| १४२।२०८०।३।२० | हिमचुली आ.वि. | डेस्क वेन्च खरिद | १९२००० |
| ३४६।२०८०।१।१४ | श्री गुदेल माद्यमिक विद्यालय | हिरक महोत्सव कार्यक्रमसंचालन | ८००००० |
| ४३८।२।२४ | हरिलाल कुलुङ | चाक्चाकुर कार्यक्रम संचालन | ३००००० |
| **जम्मा** | | | **१४५८४८४** |

सैद्धान्तिक बेरुजु

४६ **ईक्युपमेन्ट र स्कुटर खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा अन्य अनुदानको रकमबाट भुक्तानी दिन मिल्ने देखिँदैन। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत तोकिएको कार्यमा खर्च गर्ने र सवारी साधन खरिद गर्न नहुने उल्लेख छ। कार्यालयले यस वर्ष निम्न अनुसार रु.४१३४९०० सवारी साधन खरिद गर्दा उल्लेखित व्यवस्थाको पालना नगरी खर्च गरेको छ । कानुनको पालना गर्नुपर्ने देखिन्छ ।

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | वापत | भुक्तानी रकम |
|---|---|---|---|
| १८।२०८०।२।१० | जगदम्वा कन्सट्रक्शन सोलुशन प्रा.लि. | व्याक हो लोडर खरिद | ३८५०००० |
| ५।२०७९।६।३१ | आध्या अटोमोवाइल्स प्रा.लि. | स्कुटर खरिद | २,८४९०० |
| **जम्मा** | | | **४१३४९००** |

सैद्धान्तिक बेरुजु

४७ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४८ **सवारी साधन मर्मत** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा सोको अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी सवारी साधन मर्मतमा विभिन्न भौचरहरुबाट रु.१३११९४१ खर्च लेखेको छ । नियमको पालना गरी खर्च अनुगमन तथा नियन्त्रण तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४९ **ठेक्का व्यवस्थापन** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्क अभिलेख म.ले.फा.नं.५०७ को ढाँचामा अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अधिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, कार्य सम्पन्न जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरियशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । पालिकाको ठेक्का व्यवस्थापनमा देखिएका उपर्युक्त कमजोरीहरुका कारण आयोजना व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन । साथै तोकिएका अभिलेख समेत नराख्ने कमजोरीहरु समयमै सुधार गरी आयोजना छनौट, कार्यान्वयन तथा मूल्याकंन कार्यालाई मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी बनाइनुपर्दछ । पालिकाले बजेट कार्यान्वयनको क्रममा ठेक्का व्यवस्थापन गर्दा देखिएका कमजोरीहरु निम्नानुसार रहेका छनः

- नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,
- नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।
- आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको ।
- ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको ।
- ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको ।
- जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको ।
- तयार गरिएका अभिलेखहरु खोजेका बखत तुरुन्त प्राप्त हुन सक्ने गरी फाइल व्यवस्थापन नगरेको ।
- समयमै कार्य तालिका बमोजिम कार्य नगर्ने ठेकेदारलाई कानून बमोजिम जिम्मेवार बनाउन नसकेको ।
- अधुरो ठेक्का तोडी कालो सूचिमा राख्ने कार्वाही अगाडी नबढाएको ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्नेमा नतोकेको ।

अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अध्यावधिक गरी राख्नुपर्दछ

सैद्धान्तिक बेरुजु

५० **अधुरो निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ बमोजिम खरिद सम्झौतामा उल्लेखित अवधी भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । आयोजनाको सम्झौतामा तोकेको समयमा कार्य सम्पन्न नगरी पटक पटक गरी म्याद थप गर्दा समेत पनि उक्त अवधी भित्र कार्य सम्पन्न नगरी निर्माण कार्य अधुरै रहेको देखियो । पालिकाले देहायका निर्माण कार्यको सार्वजनिक खरिद ऐन तथा सम्झौता बमोजिम पुर्वनिर्धारित क्षतिपुर्ति सम्बन्धमा आवश्यक निर्णय लिई निर्माण कार्य फरफारक गरिनु पर्दछ ।

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न तिमि | यो बर्ष सम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| महाकुलुङ चक्रपथ स्तरोन्नती | राज कन्सट्रक्शन | २०८०।२।११ | २०८०।३।२० | २०६२१६४ | ६५ |
| ४ नं. वडा भवन निर्माण | चण्डेश्वरी बासु जे. भि | २०७८।२।१२ | २०७९।२।१४ | ३३४४७८४ | ९५ |
| ५ नं. वडा भवन निर्माण | गोल्डेन स्टार मल्टिप्रपोज प्रा. लि. | २०७८।१०।२० | २०७९।३।२० | २७७३६८४ | ७० |
| ३ नं. वडा भवन निर्माण | चण्डेश्वरी कन्सट्रक्शन | २०७९।६।१४ | २०७९।१२।१४ | ३५७९१३५ | ८५ |

सैद्धान्तिक बेरुजु

५१ **एज बिल्ट नक्सा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने र उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधी समाप्त भए पछि ड्रइङ डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको जाँच गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ । साथै, त्यस्तै उपनियम ४ मा उपनियम (१) बमोजिमको निर्माण भए बमोजिमको नक्सा र उपनियम ३ बमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले नियममा भएका यस्ता व्यवस्था बमोजिम एज बिल्ट नक्सा नलिएको र निर्माण सम्पन्न भई डि.एल.पी. मा रहेको ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनु पर्नेमा डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखेको छैन। नियमावलीमा रहेको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **डिजाइन परिवर्तन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(६) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राविधिकको समुहलाई डिजाइन ड्रइङ जाँच्न लगाई कुनै त्रुटी देखिएमा त्यस्तो त्रुटी सच्च्याउन लगाउनुपर्ने उल्लेख छ । २ नं. वडा कार्यालय भवन निर्माण कार्यको Roofing work लाई परिमार्जन गरी Slab राखी शूरुको डिजाइनमा परिवर्तन गरेको छ । यसले परिवर्तित Item मा थपघट हुँदा शुरु सम्झौता रु.७८२७५८४.१९ मा ३.८८ प्रतिशतले हुने रु.३०३६०७.२ न्युन भेरिएसन भएको छ । शुरुको डिजाइन स्वीकृत गर्ने पदाधिकारी वा विशेषज्ञको समुहले अध्ययन नगरी डिजाइन स्वीकृत गरेको र भेरिएसन गर्नुपर्ने गरी पछि डिजाइन उपयुक्त नभएको व्यहोरा सहित डिजाइन परिवर्तन गर्नुपर्नाको कारण र प्राविधिक पुष्ट्याई पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **भेरियशन आदेश** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वनुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरियन आदेश जारी गर्नुपर्ने भएमा भेरियशन परिमाणको प्राविधिक पुष्ट्याई र कागजात खुलाई सार्वजनिक निकाय प्रमुखले प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं. २ कार्यालय भवन योजनामा निर्माण कार्य गराउँदा लागत अनुमानमा स्वीकृत कार्यको Drawing and Design मा Item र परिमाणमा घट वढ गरी कार्य गराएकोमा सोको प्राविधिक पुष्ट्याई तयार गरेको छैन । लागत अनुमान भन्दा परिमाण र Drawing and Design मा Item घट वढ गरी कार्य गराउँदा प्राविधिक पुष्ट्याई सहित भेरियन आदेश तयार गर्नुपर्ने र लागत अनुमान समेत संशोधन गरी स्वीकृत गराउनु पर्ने र संशोधित Drawing and Design प्रमाणित नगराई कार्य गराएको अनियमित देखिएको रु.

| भौ.नं. | कामको विवरण | बस्मझौता बमोजिम रकम | भेरियशन पछिको रकम | कार्य सम्पन्न बमोजिम रकम | फरक रकम |
|---|---|---|---|---|---|
| १७१ | २ नं. वडा कार्यालय भवन निर्माण | ७८२७५८४.१९ | ७५२३९७६.९९ | ६९०४०१४ | ३०३६०७.२ |

| अनियमित भएको | ३,०३,६०७ |
|---|---|

५४ **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ तथा नियमावली, २०६४ को नियम ११९ मा १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ ।साथै, निर्माण व्यवसायीसँग भएको सम्झौताको साधारण शर्तको बुँदा नं.४५.१ मा मूल्य समायोजन बापतको रकम गणना गर्दा बोलपत्र पेश गर्ने अन्तिम दिनभन्दा ३० दिन अगाडिको अवधिले कायम हुने आधार मूल्य सूचकाङ्क लिई मूल्य समायोजन फ्याक्टर गणना गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । सम्झौताको मूल्य समायोजन सूत्र निर्धारण गर्दा उपकरणको लागि लिएको सूचकाङ्कमा नेपाल राष्ट्र बैंकबाट सन् २०१७/१८ मा थोक मूल्य सूचकाङ्क अध्याबधिक गर्दा साविकको Transport, Vehicles & machinery goods लाई Transport, Equipment's & Parts र Machinery & Equipment's गरी दुई भागमा विभाजन गरेको छ । कार्यालयले सो बमोजिम निर्माण कार्यको हकमा Base Index /र Current Index मा Machinery & Equipment's मूल्य सूचकाङ्कको आधारमा मूल्य समायोजन फ्याक्टर गणना गरी भुक्तानी गर्नुपर्नेमा ठेक्कामा नं.११/W/SOLU/MK/०७७/०७८ १५ बेड अस्पताल निर्माण कार्यमा Transport, Equipment's & Parts को मूल्य सूचकाङ्क लिई मूल्य समायोजन भुक्तानी गरेको देखियो । फरक इन्डेक्स प्रयोग गरी निर्माण व्यवसायी लुम्बिनी खानी जे.भि. लाई IPC१ र IPC२ मा मूल्य समायोजन भुक्तानी रु.७५१३२३० दिएको छ । यसरी सम्झौतामा भएको इन्डेक्स भन्दा फरक इन्डेक्स प्रयोग गरी मुल्य समायोजन भुक्तान गरेको रु.

| प्रमाण पेश नगरेको | ७५,१३,२३० |
|---|---|

५५ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । पालिकाले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण नगरी पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको र व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले

काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिएको देखिएन । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १०/SOLU/MK/२०७८/७९ | वडा नं.३ को वडा कार्यालय भवन निर्माण | २०७९।६।१४ | ७८३९११५.७७ | २०७९।१२।२४ | ३५७९१३५ | १३० दिन | ६८ |
| MRM/०७९/८०/WORKS/०३ | महाकुलुङ चक्रपथ स्तरोन्नती | २०८०।२।११ | ५८४९४८१.४४ | २०८०।३।२० | ० | ९० दिन | १.५ |

आयोजनाले उपलव्ध गराएको विवरण अनुसार उपरोक्त ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको ६८ शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएको तथा चक्रपथ स्तरोन्नतीमा आर्थिक प्रगति शुन्य भएकोले सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५६ **गै.स/स/ मार्फत कार्य**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ (१) मा गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समायवधी, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुरुप क्रियाकलापगत लागत अनुमान तयार नगरी वजेटलाई आधार बनाई कोटेशन माग गरी खर्च लेखेको छ । यसरी एकमुष्ठ बजेटको आधारमा कोटेशन माग गरी खरिद गर्नु उचित देखिएन । कानूनले तोकेको प्रक्रिया पालना गरी खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| गो.भौ.नं. | फर्मको नाम | वापत | रकम |
|---|---|---|---|
| ४०४ | श्री फुलबारी सामुदायिक सस्था | वडा न ५ को फुलबारी सामुदायिक सस्था आधारभुत कम्प्युटर तालिम कार्यत्रम | ४६०००० |
| ४७८ | इन्डिजिनियस मिडिया फाउण्डेशन | टेलिभिजन कार्यक्रम | १००००० |
| ५९६ | उद्यमशिल महिला समूह | महिला समूहलाई विउ पुँजी | १००००० |
| ४९८ | घरेलु हिंसा प्रभावितका लागि जिल्ला सेवा केन्द्र | घरेलु हिंसा सेवा केन्द्र संचालन तथा व्यावस्थापन | २००००० |
| ६१९ | बुङ शिशु स्याहार केन्द्र | बाल शिशु स्याहार केन्द्र संचालन तथा व्यावस्थापन | ६००००० |
| ४९७ | चाइखम समता महिला संस्था | पालिका स्तरमा महिलाहरुका लागि कम्प्युटर तालिम | ७७४५९३ |
| ४९८ | घरेलु हिंसा प्रभावितका लागि जिल्ला सेवा केन्द्र | घरेलु हिंसा सेवा केन्द्र संचालन तथा व्यावस्थापन | २००००० |
| ६१९ | बुङ शिशु स्याहार केन्द्र | बाल शिशु स्याहार केन्द्र संचालन तथा व्यावस्थापन | ६००००० |
| **जम्मा** | | | **३०३४५९३** |

सैद्धान्तिक बेरुजु

५७ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.९५३४७७ खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **स्मार्ट बोर्ड खरिद** - सार्वनजिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसमानको लागत अनुमान स्पेशिफिकेसनको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले छेस्काम मा.वि. स्मार्ट बोर्ड खरिद कार्यको लागि १७०।२०८०।३।२४ मा विनोद इलेक्ट्रिकल सेन्टरलाई रु.१३८४२५० भुक्तानी गरेकोमा उपर्युक्त व्यवस्था बमोजिम निरिक्षण वा परीक्षण नगरी भुक्तानी दिएको पाइयो । यसरी खरिद कानूनले तोकेको प्रक्रिया पुरा नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६० **फरक नर्म्स प्रयोग** - सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ (संशोधन समेत) को SECTION २६०० – MASONRY FOR STRUCTURE को पृष्ठ २६-१ अनुसार Rate Analysis गर्दा Providing and laying of Dry Stone Masonry work को दर रु.५२७० हुनेमा निम्नानुसारको सडक निर्माण कार्यमा भवनको नर्म्स प्रयोग गरी रु.५७६४ दर कायम गरी भुक्तानी गर्दा प्रति घनमिटर रु.४९४ बढी दर प्रयोग भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट प्राविधिक पुष्ट्याई सहित असुल गर्नुपर्ने रु.

| गो.भौ.नं. | उपभोक्ता समितिको नाम | परिमाण | बढी दर | रकम |
|---|---|---|---|---|
| २२/२०७९/१२/२३ | नानखोला चेरेम गोरेटो बाटो निर्माण उ.स. | ५८.६५ | ४९४ | २८९७३ |
| १७।२०७९।१२।१० | चिनो चौतारो देखि छेस्काम चोक सम्म मोटरसाइकल बाटो निर्माण उ.स. | ८५.८७ | ४९४ | ४२४२० |
| ८०/२०८०/२/२९ | छेस्काम तल्लो कृषि सडक सम्म गोरेटो बाटो निर्माण उ.स. | ७०.०७ | ४९४ | ३४६१५ |
| ११४.२०८०।३।१२ | मागन खोझ्रादिङ बाटो मर्मत उपभोक्ता समिति | ३०.३८ | ४९४ | १५००८ |

| | | | | |
|---|---|---|---|---|
| ७३।२०८०।२।२४ | छेउला पात्ले गोरेटो बाटो निर्माण उपभोक्ता समिति | ७३.७१ | ४९४ | ३६४१३ |
| २८।२०८०।१।१० | श्री लुमुख्लादेखि डोदोवा दोभानसम्म गोरेटो बाटो निर्माण उपभोक्ता समिती | ७६.५० | ४९४ | ३७७९१ |
| ३२।२०८०।१।१४ | गुदेल मावि देखि वाफुदो सम्म कृषि सडक स्तरोन्नत्ति उपभोक्ता समिति | ४.७३ | ४९४ | २३३७ |
| **जम्मा** | | | | **१९७५५७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९७,५५७ |

६१ **डिपिआर तयारी** - सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै दफा ३१ मा प्रस्ताव माग गर्ने र प्रस्तावदाताको काम सम्बन्धी अनुभव, परामर्शदाताले प्रस्तावित काम सम्पादन गर्ने मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता जस्ता मूल्यांकन आधारहरु तोकेको छ । पालिकाले विभिन्न ७ निर्माण कार्यको DPR वापत रु. ५८७८०२३ भुक्तानी दिएकोमा उक्त गर्दा उपर्युक्त मूल्यांकनका आधारहरु प्रयोग गरी मूल्यांकन गरेको देखिएन । उक्त कार्यको लागत अनुमानमा समावेश जनशक्तिको समयावधी निर्धारणको नर्म्स पनि लेखापरीक्षणको क्रममा पेश हुन सकेन । यसप्रकारका परामर्श सेवा खरिद गर्दा आवश्यकता र औचित्यका आधारमा पूर्व निर्धारित कार्यक्रम अन्तर्गत गर्नुपर्ने र कानूनले तोकेको उपर्युक्त प्रक्रिया तथा व्यवस्थाको पूर्ण पालना गरिनुपर्दछ ।

| गो.भौ.नं. | पदामर्शदाताको नाम | वापत | स्वीकृत बजेट | लागत अनुमान | खर्च रकम |
|---|---|---|---|---|---|
| ६२।२०८०।२।१२ | युनाइटेन नेपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | भुवा खोला ट्रष्ट ब्रिजको **DPR** निर्माण | १००००००० | ४३८७९८६ | ९७५१९० |
| ६१।२०८०।२।१२ | कर्मा कन्सल्ट प्रा.लि. | फुलवती खोला पुल **DPR** निर्माण | १००००००० | २६६९९७७५३ | ९८२१९६ |
| १५९।२०८०।३।२३ | प्रयास ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | तितिला ताम्डोलोउ पुल **RCC** को **DPR** निर्माण | १००००००० | १९०१६७४८७ | ९४३६५२ |
| १५८।२०८०।३।२३ | वाइड रेन्ज ईन्जिनियरिङ्ग सोलेशन प्रा.लि. | कोङ्गो खोला **RCC** पुलको **DPR** निर्माण | १००००००० | ७१७२४९१२ | ९९१५७५ |
| १७८।२०८०।३।२४ | फाइनर ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | बुदुम खोला **RCC** पुलको **DPR** निर्माण | १००००००० | ४३१२१६१३ | ९९६६६० |
| १७६।२०८०।३।२४ | हिमालयन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | बुकुर दोबाटो पर्यटन पदमार्ग **DPR** | ५०००००० | १६६९२३१६१ | ४९७२०० |
| १७७।२०८०।३।२४ | मिड हिल इन्फ्रास्टक्चर | हलुमोउ खानेपानी **DPR** तथा खानेपानी निर्माण | ५०००००० | १५७०३९६८ | ४९१५५० |
| **जम्मा** | | | | | **५८७८०२३** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६२ **प्यारागलाइडिङ सम्भाव्यता अध्ययन** - पालिकाले २ वडा बाट विनियोजित बजेटबाट प्यारागलाइडिङ सम्भाव्यता अध्ययन वापत रु.४७५००० पवित्रा सुनुवारलाई भुक्तानी भएको छ । बाबु एडभरटिचमेन्ट प्यारागलाइडिङ प्रा.लि. ले तयार पारेको प्रतिवेदनको निश्कर्षमा महाकुलुङ गाउँपालिका २ क्षेत्रमा टेकअफ बाट ल्याण्डिङ सम्म मोटर बाटो र प्यारागलाइडिङ ल्याण्डिङको लागि सर्वैभन्दा होचो खुला हावा बहने र विजुली तार रहित ठाउँको एकिन गरी अवतरण स्थल कम्तीमा ५०*५०० मिटरको क्षेत्रफल बनाउनुपर्ने सुझाव सहित पेश भएकोमा उक्त सुझावलाई कार्यान्वयन गरी आन्तरिक आय बढाउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३ **सोलार खरिद तथा जडान** - पालिकाले सोलार खरिद तथा जडान वापत गोश्वारा भौचर ७४ बाट चोमोलुङमा युनिटी कन्सट्रक्शन प्रा.लि.लाई रु.१६९६१३० भ्याट सहित भुक्तानी गरेको छ । गाउँपालिकाले सोलार खरिद तथा जडान कार्यको लागत अनुमान तयार गर्दा भ्याट रु.२०२१६१ सहित जम्मा रु.१७५११६२ को लागत अनुमान स्वीकृत गरी शिलबन्दी आह्वान भई चोमोलुङमा युनिटी कन्सट्रक्शन प्रा.लि को कार्य सम्पन्न प्रतिवेदन अनुसार एकमुष्ट रुपमा भ्याट रु.१९५१३० समावेश गरी रु.१६९६१३० बिल जारी गरेको छ । सोलार खरिदमा भ्याट लाग्ने Items र भ्याट नलाग्ने Items नछुटाई एकमुष्ट रुपमा भ्याट गनणा गरी भ्याट रकम रु.१९५१३० समेत भुक्तानी भएकोमा कर विवरण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९५,१३० |

६४ **फरक दरमा भुक्तानी** - पालिकाले बासुकी आ.वि. जग्गा सम्याउने घेरवार तथा तारजाली लगाउने निर्माण कार्यकोल लागि गो.भौ.नं. १४७ बाट श्री बासुकी आ.वि. लाई भुक्तानी गर्दा Soft Soil Cutting कार्यमा प्रति घनमिटर रु.१११.४२ र Rock Cutting कार्यमा प्रति घनमिटर रु.३०३।७४ पालिकाको दर विल्शेषण अनुसार भुक्तानी गर्दनुपर्नेमा पेश भएको User Bill र Work Completion Report मा उक्त कार्यको क्रमश रु.१२४.१७ र ४५७.२५ का दरले भुक्तानी हुँदा क्रमश रु.१२.७५ र १५३.५१ का दरले बढी भुक्तानी भएको देखिनछ । यसरी बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| कार्य | परिमाण | दर विश्लेषण अनुसार | भुक्तानी अनुसार दर | बढी भुक्तानी दर | बढी रकम |
|---|---|---|---|---|---|
| Soft Soil Cuting | १६१२.२२ | १११.४२ | १२४.१७ | १२.७५ | २०५५६ |
| Rock C;uting | ८४.८५ | ३०३।७४ | ४५७.२५ | १५३.५१ | १३०२५ |
| **जम्मा** | | | | | **३३५८१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,५८१ |

६५ **ग्याविन जाली** - पालिकाले निम्नानुसार निर्माण कार्यकोल लागि उपभोक्ता समितिलाई भुक्तानी गर्दा procurement and assembling of gabion box कार्यमा पालिकाले दर विश्लेषण गरे अनुसार box size १.५*१*१ को रु.३१०४.५५ र box size २*१*१ को रु.४३६७.३५ का दरले भुक्तानी गर्दा पर्नेमा box size २*१*१ को रु.४७४९.२० र box size १.५*१*१ को रु.३४५३.९६ का दरले भुक्तानी हुँदा प्रति बक्स रु ३८१.८५ र ३४९.४१ का दरले बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| गो.भौ.नं. | उ.स.को नाम | Box size | परिमाण | दर विश्लेषण अनुसार | भुक्तानी अनुसार दर | बढी भुक्तानी दर | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| ८११ | राईटोल कृषि सडक ग्याविन तराजली उ.स. | box size २*१*१ | ५७ | ४३६७.३५ | ४७४९.२० | ३८१.८५ | २१७६५ |
| | | box size १.५*१*१ | ६० | ३१०४.५५ | ३४५३.९६ | ३४९.४१ | २०९६५ |
| १४७ | श्री बासुकी आ.वि. | box size २*१*१ | ५२ | ४३६७.३५ | ४७४९.२० | ३८१.८५ | १९८५६ |
| | | box size १.५*१*१ | २६ | ३१०४.५५ | ३४५३.९६ | ३४९.४१ | ६४८५ |
| ६४ | महाकुलुङ पब्लिक फाउण्डेशन | box size २*१*१ | ३९ | ४३६७.३५ | ४७४९.२० | ३८१.८५ | १४८८८ |
| | | box size १.५*१*१ | २६ | ३१०४.५५ | ३४५३.९६ | ३४९.४१ | ९०८५ |
| **जम्मा** | | | | | | | ९३०४४ |

| असुल गर्नुपर्ने | ९३,०४४ |
|---|---|

६६ **औषधि खरिद** - पालिकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले गाउँपालिका विभिन्न शिर्षकबाट औषधि र उपकरण खरिद गरी बिभिन्न फर्मलाई रु.२४४५४३३ भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| गो. भौ . नं . | फर्मको नाम | वापत | रकम रु |
|---|---|---|---|
| ५९९ | मेडिसेल्स मेडिको फर्मा | औषधी खरिद | १०,४९ ,९६५ . ०० |
| २०४ | अनुपमा भेटेरिनरी औषधी पसल | औषधी खरिद | २,९५ ,५०० . ०० |
| ४४७ | मानन्धर एग्री भेट | औषधी खरिद | ५,९९ ,९८९ . ०० |
| १३२ | समी ट्रेड लिङ्क | ल्याव सामाग्री खरिद | ४९९९७९ |
| **जम्मा** | | | २४४५४३३ |

| सैद्धान्तिक बेरुजु |
|---|

६७ **बढी भुक्तानी** - पालिकाले टासी छोलिङ गुम्बा तिउ दुई कोठे चर्पि निर्माण कार्यको टासी छोलिङ गुम्बा तिउ दुई कोठे चर्पि निर्माण उपभोक्ता समितिलाई भुक्तानी रु.४८०००० गर्दा PCC(१:१.५:३ Concrete Work ) को दर विश्ललेषण रु.२६६३१.९९ प्रति घनमिटर रहेकोमा उपभोक्ताको विल तयार गरी भुक्ती गर्दा प्रति

घनमिटर रु.२५१८.८ का दरले १.९९ घनमिटरको रु.५०१२.४१ भढी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,०१२.४१ |

६८ **उपभोक्ता समितिमार्फत कार्य** - सार्वजनिक खरिद ऐन र नियमावलीमा उपभोक्ता समिति तथा लाभग्राही समुदायमार्फत कार्य गर्ने गराउने सम्बन्धि व्यवस्था रहेका छन् । पालिकामा उपभोक्ता समिति दर्ता नहुने, जटिल संरचना निर्माणमा उपभोक्ता समिति संलग्न रहेको, सम्झौतामा उल्लेख भएको उपभोक्ताको अंश भन्दा कम कट्टा गरे नगरेको अन्तिम मुल्यांकन नगरी उपलब्ध बजेटका आधारमा भुक्तानी दिने गरेको, उपभोक्ता समितिको काममा निर्माण व्यवसायीको संलग्नता रहेको र स्वीकृती वेगर उपभोक्ता समितिले इक्वीपमेन्ट मेशीनहरुको प्रयोग गरेको, निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको तथा उपभोक्ता समितिको लागत अनुमानमा ओभरहेड राखी सोही अनुरुप भुक्तानी गरेको समेत देखिएको छ । उपभोक्ता समिति परिचालन सम्बन्धमा अन्य व्यहोरा निम्न छन् :

- उपभोक्ता समिति मार्फत कार्य गराउँदा आयोजनाको अनुगमन गर्ने गरेको भएतापनि त्यस्तो अनुगमन कार्य मापनिय सूचकको आधारमा नभइ सामान्य फाराममा भुक्तानीको सिफारिसमा मात्र सिमित रहेको, प्रत्येक चरणको गुणस्तर प्रमाण संलग्न नगरेको, बर्षेनी खण्ड खण्डमा आयोजनाको काम भएकोमा एकिकृत नापी किताब र आयोजनागत एकिकृत खर्च विवरण तयार नगरेको लगायका कमजोरीहरुका कारण उपभोक्ता समितिबाट भएका सबै कार्य मितव्ययी र गुणस्तरीय तवरले समयमै भएको छ भनी आश्वस्त हुन सकिएन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको र मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई हस्तान्तरण र सो को अभिलेखिकरण गरेको छैन ।
- लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले हेभि मेशिन प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा समेत नापजाँच गरी भुक्तानी दिने गरेको छ ।
- भवन, सिचाई जस्ता एउटै आयोजना बर्षेनी खण्ड खण्डमा बजेट विनियोजन गरी कार्यान्वयन गरेकोमा सो को एकिकृत आयोजनागत खर्च विवरण र एकिकृत नापि तयार गरेको छैन ।
- उपभोक्ता समिति तथा लाभग्राही समुदायमार्फत कार्य गराउदा खरिद ऐन र नियमावलीमा भएका प्रावधानको पालना गर्ने गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६९ **जनसहभागिताको अंश** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश

उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|
| ६४।२०८०।२।१७ | महाकुलुङ पब्लिक फाउन्डेशन | ९६०००० | ९६०००० | २१३०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,३०० |

७० **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **बढी दरमा भुक्तानी** - सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION २६०० – MASONRY FOR STRUCTURE को पृष्ठ २६-१ अनुसार Providing and laying of stone Masonry work for cement mortar(१:४) को दर विश्लेषण गर्दा प्रति घनमिटर रु.१२८५२.९२ हुनुपर्नेमा पालिकाले थुनामतेल्म देखि खोल्सा र देवछोवा खोल्सा ढल व्यावस्थापन कार्यको लागि गो.भौ.नं. ३९।२०८०।१।२९ बाट थुनामतेल्मेदेखि खोल्सा र देवछोवा खोल्सा ढल व्याव्थापन समितिलाई प्रति घनमिटर रु.१७७४७.२६ का दरले भुक्तानी गर्दा प्रति घनमिटर रु.५१६४.३५ बढी भुक्तानी भई २१.२५ घनमिटरको रु.१०९७४२ बढी भुक्तानी भएको देखिन्छ । यसरी फरक नर्म्स प्रयोग गरी बढी भुक्तानी भएको रकम रु.१०९७४२ सम्बन्धमा सम्बन्धित प्राविधिबाट पुष्ट्याई सहित सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०९,७४२ |

७२ **फरक दरमा भुक्तानी** - पालिकाले महाकुलुङ पब्लिक फाउण्डेशनको घडेरी निर्माण कार्यको लागि महाकुलुङ पब्लिक फाउण्डेशनलाई भुक्तानी गर्दा Soft Soil Cutting कार्यमा प्रति घनमिटर रु.१११.४२ र Hard Soil Cutting कार्यमा प्रति घनमिटर रु.१३४.४७ पालिकाको दर विश्लेषण अनुसार भुक्तानी गर्नुपर्नेमा पेश भएको User Bill र Work Completion Report मा उक्त कार्यको क्रमश रु.१२४.१७ र ४५७.२५ का दरले भुक्तानी हुँदा क्रमश रु.१२.७५ र ३२२.७८ का दरले बढी भुक्तानी भएको छ । यसरी बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| कार्य | परिमाण | दर विश्लेषण अनुसार | भुक्तानी अनुसार दर | बढी भुक्तानी दर | बढी रकम |
|---|---|---|---|---|---|
| Soft Soil Cuting | १८५२.५२ | १११.४२ | १२४.१७ | १२.७५ | २३६२० |
| Hard Soil Cuting | २०५.८४ | १३४.४७ | ४५७.२५ | ३२२.७८ | ६६४४१ |
| **जम्मा** | | | | | ९००६१ |

| असुल गर्नुपर्ने | ९०,०६१ |
|---|---|

७३ **ट्र्याक ओपन** - पालिकाले निर्माण कार्य Soft soil Cutting /र Rock cutting मा प्रयोग हुने Hydraulic Excavator को प्रति घण्टा रु.६००० र रु..७५०० दर राखी दर विश्लेषण गर्दा Soft soil Cutting प्रति घनमिटर रु.१२४.१७ र Rock cutting को प्रति घनमिटर रु.४५७.२५ कायम गरेको छ । DOR Equipment Hire Rate को दर प्रयोग गरी दर विश्लेषण गर्दा Soft soil Cutting प्रति घनमिटर रु.९१.०१ र Rock cutting प्रति घनमिटर रु.२७३.०३ हुने देखिन्छ । तर पालिकाले Hydraulic Excavator को प्रति घन्टा दर प्रयोगको प्रमाण पशे गर्न नसक्दा उक्त कार्यमा प्रति घनमिटर रु. ३३.१७ र १८४.२२ बढि भुक्तानी भएको देखिन्छ । पालिकाले प्रयोग गरेको Hydraulic Excavator को प्रति घन्टा दरको प्रमाण पेश सहित प्राविधिक पुष्ट्याई पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | कार्य | परिमाण | दर विश्लेषण अनुसार | भुक्तानी अनुसार दर | बढी भुक्तानी दर | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| १३८ | जिदो सडक ट्र्याक ओपन उपभोक्ता समिति | Soft soil Cuting | ५१५० | ९१ | १२४.१७ | ३३.१७ | १७०८२६ |
| | | Rock cutting | ४६३.५२ | २७३.०३ | ४५७.२५ | १८४.२२ | ८५३९० |
| ९९ | ममेर्कु ट्र्याक ओपन समिति | Soft soil Cuting | ३९४३.९५ | ९१ | १२४.१७ | ३३.१७ | १३०८२० |
| | | Rock cutting | ५०४.५५ | २७३.०३ | ४५७.२५ | १८४.२२ | ९२९४८ |
| ८८ | वडा नं ३ को छेस्काम मा.वि देखि छत्रधन राई घरछेउ सम्म सडक ट्रयक ओपन उपभोक्ता समिम | Soft soil Cuting | ३७९०.०५ | ९१ | १२४.१७ | ३३.१७ | १२५७१६ |
| | | Rock cutting | ६९.५४ | २७३.०३ | ४५७.२५ | १८४.२२ | १२८१३ |
| ८११ | राईटोल कृषि सडक ग्याविन तराजली उ.स. | Soft soil Cuting | ८७ | ९१ | १२४.१७ | ३३.१७ | २८८६ |
| ५८ | पछाक सडक छ्रयक ओपन | Soft soil Cuting | २४७०.८५ | ९१ | १२४.१७ | ३३.१७ | ८१९५८ |
| | | Rock cutting | १०२.१५ | २७३.०३ | ४५७.२५ | १८४.२२ | १८८१८ |
| जम्मा | | | | | | | ७२२१७५ |

| प्रमाण पेश नगरेको | ७,२२,१७५ |
|---|---|

७४ **विल भरपाई**

✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।३० को निर्णयबाट रु.५,०००।- सम्परीक्षण गरिएको ।)

७५ **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु

मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**- स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा १० योजना सञ्चालन गरी यस वर्ष ९२ जनालाई औसत १०० दिनले ९२०० दिन रोजगारी उपलव्ध गराई रु.६९१८४०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **सहकारी नियमन**- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले सहकारी दर्ता तथा संचालनको विवरण तथा नियम प्रतिवेदन पेश गरेको छैन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७८ **समाजिक सुरक्षा भत्ता सम्बन्धी अन्य विवरण**

७८.१ **अध्यावधिक बैंक खाता**- समाजिक सुरक्षा संचालन कार्यविधि २०७७ को दफा २६को उपदफा (३) मा एक आर्थिक बर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनूसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा सम्बन्धित स्थानीय तहले छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा अन्य कुनै कारणले भत्ता प्राप्त नगरेको पाइमा सम्बन्धित बैंकबाट लगत कट्टा हुनुपर्ने प्रावधान छ। तर लेखापरीक्षणको अवधि सम्म बैंकबाट त्यस्तो बार्षिक अध्यावधिक विवरण प्राप्त गरेको पाइएन । जसले गर्दा देहाय बमोजिमका लाभग्राहीको कसैको बैंक खाता नदेखिएको तथा बैंक खाता दाहोरो परेको अवस्था छ। तसर्थ पालिकाले यस्तो खाता तथा रकमको सम्बन्धमा यकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७८.२ **एकै बैंक खाता -** पालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अद्यावधिक गरी सम्बन्धितको खातामा पठाउने व्यवस्था गर्नुपर्नेमा कार्यालयको पञ्जिकर शाखाबाट पेश गरेको Reverse Feed गरेको वडा १, २ ३, ४, र ५ को प्रथम त्रैमासकि सामाजिक सुरक्षा भत्ता विवरण परीक्षण गर्दा निम्नानुसारका बैक खाता दोहोरो परेको देखिएको सम्बन्धमा एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

| सामाजिक सुरक्षाको प्रकार | वार्ड नं | लाभग्राहीको नाम | रकम | बैंक खाता |
|---|---|---|---|---|
| अति अशक्त अपाङ्ग | ५ | निमा याङ्जी शेर्पा | ६३८४ | ८.३००५४E+१२ |
| एकल महिला ६० बर्ष माथी | ५ | निमा याङ्जी शेर्पा | ७९८० | ८.३००५४E+१२ |
| जम्मा | | | १४३६४ | |

| प्रमाण पेश नगरेको | १४,३६४ |
|---|---|

७८.३ **खाता बेगर भुक्तानी -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २४ मा छनौट भएको वैक तथा वित्तीय संस्थाले स्थानीय तहबाट अनलाइन प्रणाली मार्पत लाभग्राहीको विवरण प्राप्त गर्ने र उक्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको नाममा निजको उपस्थिति विना शुन्य मौज्दातमा बचत खाता खोलेर रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्रा वितरणको Reverse Feed गरेको विवरण परिक्षण गर्दा निम्न वडाका निम्न लाभग्राही संख्याको खाता खोलेको देखिएन । अतः बैकले खाता नखोली बैकको आफ्नै खातामा रकम राखेको देखियो । यस सम्बन्धमा एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

| सामाजिक सुरक्षको प्रकार | वार्ड नं | लाभग्राहीको नाम | रकम |
|---|---|---|---|
| विधवा भत्ता | १ | याङ्जी शेर्पा | ७९८० |
| जेष्ठ नागरिक अन्य | २ | लक मान राई | ४००० |
| दलित बालबालिका | ३ | सलोनी वि क | १०६४ |
| जेष्ठ नागरिक अन्य | ५ | जिना सुख राई | ४००० |
| जेष्ठ नागरिक अन्य | ५ | मति माया राई | ८००० |
| जम्मा | | | २५०४४ |

| प्रमाण पेश नगरेको | २५,०४४ |
|---|---|

७८.४ **सामाजिक सुरक्षा भत्ता विवरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसुची १० बमोजिमको ढाँचामा पालिका र बैकबीच सम्झौता भई पालिकामा रहेकोमा . वटै बडाहरुको सामाजिक सुरक्षा भत्ता बैकबाट उपलब्ध गराउदै आएको छ । पालिकाले तयार गरेको फरवार्ड फिड र रिभर्स फिड विवरण अनुसार आर्थिक बर्ष २०७८।७९ र आर्थिक बर्ष २०७९।८० को जेष्ठ

नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अति असक्त अपाङ्ग, बालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको विवरण देहाय बमोजिम अनुसार छ ।

| क्र.सं. | लक्षित समूह | आ.व. २०७८/७९ को चार त्रैमासिकको औसत संख्या | आ.व. २०७९/८० को चार त्रैमासिकको औसत संख्या | भत्ता दर मासिक रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक (६८ वर्ष भन्दा माथि) | ४८० | ६१६ | ४००० | |
| २ | जेष्ठ नागरिक दलित (६० वर्ष भन्दा माथि) | १२ | १५ | २६६० | |
| ३ | जेष्ठ नागरिक (एकल महिला) | १२२ | ९४ | २६६० | |
| ४ | विधवा | १७९ | १४५ | २६६० | |
| ५ | पूर्ण अपाङ्गता (क वर्ग) | २७ | २६ | ३९९० | |
| ६ | अति अशक्त अपाङ्गता (ख वर्ग) | ५१ | ५९ | २१२८ | |
| ७ | बालबालिका (दलित) | ५६ | ६१ | ५३२ | |
| **कुल जम्मा** | | **९२७** | **१०१६** | | |

सैद्धान्तिक बेरुजु

**७९ सामाजिक सुरक्षा भत्ता सम्बन्धमा**

७९.१ सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ५ वटा वडाका लागि लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न एभरेष्ट वैंक लि. लाई चार त्रैमासिकको जम्मा रु.४०९४३३०६ बैकमा निकासा भई लेखापरीक्षणको अवधिसम्म जम्मा खर्च रु.४०७७२५४४।०४ वितरण भएकोमा देखिएका व्यहोरा निम्न छन्ः

सैद्धान्तिक बेरुजु

७९.२ **लगत कट्टा** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ११ अनुसार कुनै लाभग्राहीको मृत्यु भएमा,एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सुचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ । कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सुचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै स्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नुपर्नेछ । यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ । तर गाउँपालिकाले समयमा नै लगत कट्टा गरी तथ्याङ्क अध्यावधिक गरेको देखिएन । अत गाउँपालिकाले समयमा नै लगत कट्टा गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रभावकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७९.३ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ मा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निरिक्षण तथा अनुगमन गरी समयमा नै लाभग्राहीको खातामा रकम जम्मा गर्न लगाई फिर्ता गर्नुपर्ने रकम समयमा नै फिर्ता गर्नुपर्नेमा सो गरेको पाइएन । अतः यस्तो कार्यमा सुधार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७९.४ **पारदर्शीता कायम** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सुचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शीता कायम गरेको देखिएन । अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७९.५ **रकम फिर्ता**
.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।० को निर्णयबाट रु.१७०,७६१.९६।- सम्परीक्षण गरिएको ।)

८० **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)** - कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७८।७९ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४०० का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी

हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८१ **दरवन्दी मिलान** - शिक्षा नियमावलीले ब्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको संख्या एकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कूनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

८२ **पाठ्यपुस्तक तर्फ** - कार्यक्रम कार्यान्बयन पुस्तिका आ.ब २०७९।०८० को क्रि.नं २.४.६.१ अनुसार सामुदायिक विलालयमा अध्ययनरत कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक वितरण अनुदान वापत २० वटा बिद्यालयहरुको खातामा EMIS DATA अनुसार रु. २०११७४२ निकासा भएकोमा गाउँपालिकाले निकासा गरेको रकम र विद्यालयहरुले पेश गरेको वितरणको विल भरपाई परीक्षण गरी निकासा बमोजिम पाठ्यपुस्तक बितरण भए नभएको गाउँपालिकाले भिडान गरी पाठ्यपुस्तक बितरणको सुनिश्चितता प्रदान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८३ **छात्रावृत्ति अनुदान** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१ मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा २० वटा विद्यालयमा रु.५४७६०० निकासा गरेको छ । EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन बाट विद्यार्थी संख्या यकिन नगरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अतः पालिकाले निकासा गरे बमोजिम छात्रवृत्ति बितरण गरे नगरेको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८४ **दिवा खाजा कार्यक्रम** - पालिकाले यस बर्ष सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.११.१ अनुसार प्रति विद्यार्थी रु.१५ का दरले २० बाट विद्यालयको खातामा रु.५८७२९६० निकासा खर्च लेखेको छ । कक्षा १ देखि ५ सम्म अध्ययनरत विद्यार्थीहरुलाई १८० दिनको १५ का दरले रु. ५८७२९६० निकासा भएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को व्यवस्था अनुसार EMIS DATA र सोको सत्यापन गरेको तथ्याङ्क

अनुसार विद्यार्थी संख्या एनिक गरी मात्र निकास गर्नुपर्दछ । दिवा खाजा वापत निकासा भएको रकम र विद्यालयहरुले पेश गरेको दिवा खाजाको वील भरपाई भिडान गरी सो को प्रतिवेदन पेश गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८५ **विद्यालय सुपरिवेक्षण** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार स्थानीय तहले विद्यालय सुपरिवेक्षण र शिक्षकको पेशागत सहयोगलाई प्रभावकारी बनाउन शिक्षा विकास तथा समन्वय इकाईसँग समन्वय गरी अनुगमन तथा योजना निर्माण गर्ने, जिल्ला एवं स्थानीय तहका शिक्षा शाखामा कार्यरत अधिकृत स्तरका कर्मचारी, माध्यमिक तहका शिक्षक रहेको विषयगत समिति तथा विषय विज्ञ रहेको रोष्टर निर्माण गर्ने, उक्त रोष्टर मध्येबाट स्थानीय तह अन्तर्गतका सबै विद्यालयमा ३ महिनामा कम्तिमा एक पटक सुपरिवेक्षण गरी पेशागत सहयोगको लागि कक्षा अवलोकन, पृष्ठपोषण आदन प्रदान, नमुना पाठ प्रदर्शन, छोटो अवधिका मागमा आधारित तालिम संचालन एवं शैक्षिक समस्या समाधानका लागि छलफल गर्ने, गराउने व्यवस्था छ । यस कार्यक्रम कार्यान्वयनका लागि ५० विद्यालयसम्म भएका स्थानीय तहका लागि रु ७५ हजार, १०० विद्यालयसम्म भएका स्थानीय तहका लागि रु १ लाख सम्म र १५० सम्म विद्यालय भएका स्थानीय तहका लागि १ लाख ५० हजार र सो भन्द बढी विद्यालय भएका स्थानीय तहका लागि रु २ लाख रकम बजेट व्यवस्था भएको र सो अनुसार खर्च गर्नुपर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा छ । तर पालिकाले शैक्षिक गुणस्तवर सुद्धिढीकरणका लागि अनुगमन तथा निरीक्षण वापत २० वटा विद्यालय भएकोमा कार्यान्वयन पुस्तिका अनुसार रु ७५ हजार खर्च हुनुपर्नेमा रु ८०७०० भुक्तानी दिएकोले कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था भन्दा बढी भुक्तानी भएको छ । यस्तो कार्यमा सुधार गरी खर्च मितव्ययी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८६ **इन्टरनेट जडान** - कार्यक्रम कार्यान्वन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.१३.१० सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडा न व्यवस्थापन खर्च भुक्तानीको लागि बार्षिक रुपमा प्रति विद्यालय रु.१२००० का दरले निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं.१८० बाट १५ वटा विद्यालयलाई प्रति विद्यालय रु.१२००० का दरे बार्षिक इन्टरनेट शुल्क रु.१८०००० निकासा गरेकोमा इन्टरनेट जडान तथा शुल्क भुक्तानीको विल पेश नभएकोले विल तथा प्रमाणित कागजात पेश गर्नुपर्ने रु,

| प्रमाण पेश नगरेको | १,८०,००० |
|---|---|

८७ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | २० वटा विद्यालय | ११९ | ११९ | १५ | ३७८५ |

शिक्षक दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८८ **अनुदानबाट शिक्षक तलब** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट विभिन्न तहका शिक्षकलाई रु.१२०००६०० तलब भत्ता भुक्तानी गरेको ऐनको व्वस्था बमोजिम भएको अनियमित देखिएको रु.

| गो भौ नं | विद्यालय संख्या | किस्ता | रकम |
|---|---|---|---|
| १९ | २० वटा विद्यालय | पहिलो त्रैमासिक निकासा | ४७,९४ ,४०८.०० |
| ३३२ | २० वटा विद्यालय | तेस्रो त्रैमासिक निकासा | ३६,९८ ,८८४.०० |
| ५१६ | १९ वटा विद्यालय | चौथो त्रैमासिक निकासा | ३५,०७ ,३०८.०० |
| **जम्मा** | | | १२०००६०० |

| अनियमित भएको | १,२०,००,६०० |
|---|---|

८९ **बिद्यालयगत निकासा** - पालिकाले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरवन्दी र राहात कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको बिद्यालयगत स्थिति स्पष्ट हुन सकेन । अतः बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९० **बढी भुक्तानी** - पालिकाले टासी छोलिङ गुम्बा तिउ दुई कोठे चर्पि निर्माण कार्यको टासी छोलिङ गुम्बा तिउ दुई कोठे चर्पि निर्माण उपभोक्ता समितिलाई भुक्तानी रु.४८०००० गर्दा Hard stone black masonry को Rate Analysis रु.१७४९३.६५ रहेकोमा भुक्तानी गर्दा प्रति घनमिटर दर रु.१९५५८.७२ कायम गरी भुक्तानी गरेकोले बढी भुक्तानी भएको १०.५६ घनमिटरको प्रति घनमिटर रु.२०६५.०७ बढीका दरले रु.२१८०७ भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २१,८०७ |
|---|---|

९१ **बढी भुक्तानी** - पालिकाले वाक्खा खोल्सा पुल निर्माण कार्यको लागि वाक्खा खोल्सा पुल निर्माण उपभोक्ता समितिलाई गो.भौ.नं.११० बाट रु.८६४००० भुक्तानी गर्दा Concret Work PCC(१:२:४) को दर प्रति घनमिटर दर विल्लेषण अनुसार रु. २०९८९.४५ का दरले भुक्तानी नभई प्रति घनमिटर रु.३२२९१.०२ का दरले भई २.८६ घनमिटरको प्रति घनमिटर रु.११३०१.३७ का दरले जम्मा रु.३२३२२ बढी भुक्तानी भएको देखिन्छ । यसरी बढी भुक्तानी भएको रकम रु.३२३२२ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३२,३२२ |
|---|---|

९२ **Form Work भुक्तानी** - कार्यालयले निर्माण कार्य Concret Work PCC(१:२:४) को Rate Analysis गर्दा Form Work सहित प्रति घनमिटरको दर रु.२०९८९.४५ विश्लेषण गरेकोमा पालिकाले वाक्खा खोल्सा पुल निर्माण कार्यको लागि वाक्खा खोल्सा पुल निर्माण उपभोक्ता समितिलाई गो.भौ.नं.११० बाट रु.८६४००० भुक्तानी गर्दा Form Work को Items छुट्टै राखी ३७.८० घनमिटरको प्रति घनमिटर रु.५३४.६ का दरले रु.२०२०८ भुक्ती भएको देखिन्छ । यसरी पहिलेनै Concret Work PCC(१:२:४) को कार्यमा जोडी सकेको Items दोहोरी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,२०८ |

९३ **घडेरी निर्माण** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३)मा सार्वजनिक निकायले निर्माण स्थलको व्यस्था नभई निर्माण कार्य गर्न नहुने तथा पालिकाले निर्माण गर्ने योजनाको जग्गा स्वामित्व आफ्नो नाममा ल्याएर मात्र निर्माण सम्वन्धी कार्य गर्नुपर्नेमा पालिकाले महाकुलुङ पब्लिक फाउण्डेशनको घडेरी निर्माण कार्यको रु.९६०००० भुक्तानी गरेको छ। पालिकाको अन्य व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा डिजाईन, नक्सा वेगर घडेरी निर्माण गरी गो.भौ.नं. ६४।२०८०।२।१७ बाट रु..९६०००० खर्च गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६०,००० |

९४ **वाक्खा खोल्सा पुल** - सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION २६०० – MASONRY FOR STRUCTURE को पृष्ठ २६-१ अनुसार Providing and laying of stone Masonry work for cement mortar(१:४) को दर विश्लेषण गर्दा प्रति घनमिटर रु.१२८५२.९२ हुनुपर्नेमा पालिकाले वाक्खा खोल्सा पुल निर्माण कार्यमा उक्त आइटममा प्रति घनमिटर रु.१९६५९.४१ राखी प्रति घनमिटर रु.७०७७.१२ का दरले २६.२५ घनमिटरको जम्मा रु.१८५७७५ वाक्खा खोल्सा पुल निर्माण उपभोक्ता समितिलाई बढी भुक्तानी भएको देखिएकोले सम्बन्धमा सम्बन्धित प्राविधिबाट पुष्टयाई सहित सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८५,७७५ |

## अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : महाकुलुङ गाउँपालिका, सोलुखुम्बु , माहाकुलुङ गाउँपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पदम बहादुर बस्नेत | २०७९-५-२२ | २०८०-६-१६ |
| कार्यालय प्रमुख | JHAMAK BAHADUR KATWAL | २०८०-८-२२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | विष्णु रञ्जन बराल | २०७७-९-१४ | २०७९-४-१७ |
| लेखा प्रमुख | नारायण काजी बस्नेत | २०७६-८-२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८१०,४०९.४१ | १५,०१४,४७० | ९,८०३,९५४.९६ | ० | ० | ० |
| | | | | प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | २५,६२८,८३४.३७ |
| | | | | प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु. | १९४,०११.९६ |
| | | | | संपरीक्षणबाट थप भएको बेरुजू रु. | ० |
| | | | | लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | २५,४३४,८२२.४१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८१४७१८८६.३४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २३३१३४००० | चालु खर्च | २०१५५६६४९.११ |
| प्रदेश सरकारबाट अनुदान | १४३४८७५० | पूँजीगत खर्च | ११०५०८३३४ |
| राजश्व बाँडफाँट | ७७७८८३७८.८२ | वित्तीय/अन्य व्यवस्था | १५७९६७२०८.१९ |
| आन्तरिक आय | २६०५७७३.८ | | |
| अन्य आय | १४७६२०११५.५ | | |
| कुल आय | ४७५४९७०१८.१२ | कुल खर्च | ४७००३२१९१.३ |
| बाँकी मौज्दात | | ८६९३६७१३.१६ | |